# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

(पहिलोपटक प्रकाशित मिति : २०७९/०७/२४ गते)

आयोगले उच्च शैक्षिक संस्थाहरूको शैक्षिक, प्राज्ञिक र भौतिक क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरूलाई छात्रवृत्ति तथा अनुदान, अध्ययन अध्यापनमा संलग्न शिक्षक तथा कर्मचारीहरूको सीप, दक्षता, क्षमता अभिवृद्धिका लागि पुनर्ताजगीकरण, अनुसन्धान विधि तालिम, विद्वत्वृत्ति, अनुसन्धान सहायता, सामुदायिक क्याम्पसहरूलाई सञ्चालन तथा भौतिक विकास अनुदानलगायतका कार्यक्रमहरूद्वारा उच्च शिक्षाको विकास, विस्तार र समग्र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने भएकाले यो सूचना प्रकाशित गरेको छ। सरोकारवालाहरूले तल उल्लिखित कार्यक्रमका लागि आयोगको कार्यक्रम कार्यविधि-२०७९ मा तोकेबमोजिमको ढाँचामा रही छुट्टाछुट्टै आवेदन र प्रस्ताव उल्लिखित समयसीमाभित्र पेश गर्नहुन सूचित गरिन्छ। कार्यक्रम कार्यविधि-२०७९ आयोगको वेवसाइट www.ugcnepal.edu.np मा राखिएको छ। कार्यविधिको प्रकाशित पुस्तिका आयोगबाट प्राप्त गर्न सकिनेछ।

| **१ संस्थागत विकास अनुदान – सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूका लागि** | | | **आवेदन दर्ता गर्ने समयसीमा** |
|---|---|---|---|
| क. | नियमित अनुदान | • नियमित अनुदानका लागि क्याम्पसहरूले आवेदन दर्ता गर्नु पूर्व Online data अनिवार्य रूपमा भरेको हुनुपर्नेछ। यसका लागि ugc.nitc.gov.np:81 मा गई आयोगले पुराना क्याम्पसहरूलाई उपलब्ध गराइएको Username / Password प्रयोग गरी मागिएको तथ्याङ्क भर्नुपर्ने छ। Username / Password प्राप्त गर्न असमर्थ नयाँ क्याम्पसहरूले आयोगको अनुदान निर्धारण शाखामा तत्काल सम्पर्क गरी Username / Password प्राप्त गर्न सक्नेछन्। Online data भर्दा क्याम्पसले राष्ट्रिय वाणिज्य बैंकको खाता नं., सम्पर्क नं. र क्याम्पसको Email ठेगाना अनिवार्य रूपमा भर्नुपर्ने छ।<br>• नियमित अनुदान प्राप्त गर्नका लागि न्यूनतम विद्यार्थी संख्या हिमाली जिल्लामा ५०, पहाडी जिल्लामा ७५, तराईका जिल्लामा १०० र काठमाडौं उपत्यकाभित्र १२५ जना हुनुपर्ने छ। | बागमती र गण्डकी प्रदेशका लागि २०७९/८/२४ सम्म<br><br>प्रदेश १, मधेश र लुम्बिनीका लागि २०७९/८/२९ सम्म<br><br>कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि २०७९/९/५ सम्म |
| ख. | भौतिक सुविधा विकास अनुदान<br>• भवन निर्माण<br>• पुस्तक खरीद<br>• फर्निचर खरीद<br>• उपकरण खरीद<br>• अतिरिक्त क्रियाकलापका लागि संरचना विकास | • भवन निर्माण अनुदानका लागि न्यूनतम विद्यार्थी संख्या हिमाली जिल्लामा ६०, पहाडी/तराई/भित्री मधेशका जिल्लामा १०० र काठमाडौं उपत्यका भित्र १४० जना हुनुपर्नेछ।<br>• क्याम्पसले प्राथमिकताको आधारमा बढीमा २ वटा शीर्षकमा आवेदन दिन सक्ने छन्।<br>• अतिरिक्त क्रियाकलापका लागि संरचना विकास अनुदानअन्तर्गत यस अघि यस शीर्षकमा अनुदान प्राप्त नगरेका क्याम्पसहरूले प्रस्ताव पेश गर्न सक्नेछन्। | |
| ग. | विशेष अनुदान | औपचारिक रूपमा पठनपाठन सुरु भई दुई वर्ष पूरा गरेका र नियमित अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूले आवेदन दिन सक्नेछन्। विशेष अनुदानका लागि न्यूनतम विद्यार्थी संख्या हिमाली जिल्लामा ५०, पहाडी जिल्लामा ७५, तराईका जिल्लामा १०० र काठमाडौं उपत्यकाभित्र १२५ जना हुनुपर्ने छ। | |

**२ गुणस्तर सुधार कार्यक्रम**

| **अनुसन्धान सहायता कार्यक्रमहरू** | |
|---|---|
| क. | विद्वत्वृत्ति<br>■ पीएच्.डी. (विद्यावारिधी)<br>■ एम्.फिल् |
| ख. | अनुसन्धान प्रवर्द्धन<br>■ लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान<br>■ फ्याकल्टी अनुसन्धान अनुदान,<br>■ सहकार्यात्मक अनुसन्धान अनुदान<br>■ सहकार्यात्मक तथा नवप्रवर्तन अनुसन्धान अनुदान |
| ग. | राष्ट्रिय महत्त्वका विषयमा नवप्रवर्तनात्मक प्राविधिक तथा वैज्ञानिक अनुसन्धान |
| घ. | प्राविधिक तथा वैज्ञानिक अन्वेषण तथा नवप्रवर्तनात्मक कार्यका लागि अध्ययन, अनुसन्धान (शैक्षिक अनुसन्धान, उपकरण तथा परामर्श) |
| **छोटो अवधिका तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू तथा अन्य** | |
| क. | ■ पुनर्ताजगी तालिम<br>■ क्षमता विकासका तालिम<br>■ अनुसन्धान विधि तालिम |
| ख. | ■ शैक्षिक संस्था उद्योगी-व्यवसायी सम्वाद<br>■ गोष्ठी/कार्यशाला/सम्मेलन/- स्थानीय तथा राष्ट्रिय स्तरको |
| ग. | उच्च शैक्षिक संस्थामा प्राध्यापकको भ्रमण |
| घ. | क्याम्पस प्रमुखका लागि शैक्षिक योजना तथा प्रशासनसम्बन्धी तालिम |
| ङ. | विश्वविद्यालय-समुदाय सम्पर्क कार्यक्रम |
| **वार्षिक अन्य कार्यक्रमहरू (वर्षभरि नै आवेदन दिन सकिने कार्यक्रमहरू)** | |
| क. | पोस्टडक्टरल वृत्ति |
| ख. | विद्यावारिधिका लागि आंशिक सहयोग |
| ग. | अपाङ्गता भएका विद्यार्थीलाई स्नातकोत्तर तहको शोधग्रन्थ तयारीका लागि सहयोग |
| घ. | जर्नलमा लेख प्रकाशन सहयोग |
| ङ. | प्याटेन्ट (एकस्व अधिकार) सहयोग |
| च. | रेफरीड जर्नल प्रकाशन गर्न सहयोग (Support for Indexing Peer Reviewed Journals) |
| छ. | सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान |
| ज. | गोष्ठी/कार्यशाला/सम्मेलन - अन्तर्राष्ट्रिय स्तरको |
| झ. | विशेष अध्ययन/अनुसन्धानका निमित्त वैदेशिक भ्रमण |
| ञ. | गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको आशय-पत्र |

**आवेदन दर्ता गर्ने समयसीमा तथा थप जानकारीका लागि**

२०७९/०७/२४ देखि २०७९/०८/२९ सम्म

पुनश्चः आवेदनका साथ पेश गर्नुपर्ने कागजात आयोगको कार्यक्रम कार्यविधि - २०७९ को अनुसूचीमा दिइएको छ। अनुसन्धानसम्बन्धी आवेदनका हकमा 'Research Development and Innovation Programs Implementation Guidelines – 2021 बाट थप जानकारी लिन सकिने छ। म्याद नाघी प्राप्त हुने र रित नपुगेका आवेदनउपर कुनै कारबाही हुने छैन। झुटो विवरण पेश गरेमा आयोगले आवेदन रद्द गरी भविष्यमा आयोगबाट प्रदान गरिनेअनुदानबाट बञ्चित गरिनेछ।


थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्न सकिने छ :

**विश्वविद्यालय अनुदान आयोग**

सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३८५४८/४९/५०

फ्याक्स नं. - ६६३८५५२

वेवसाइट : www.ugcnepal.edu.np

इमेल : ugc@ugcnepal.edu.np